# स्थानीय राजपत्र

# भाग–२

**अनुसूची(२)**

(दफा ४ तथा अनसूची–१ को भाग–२ साग सम्बन्धित)

## अपिहिमाल गाउपालिका

खण्ड: ६ संख्या: ८ मिति: २०७९/०८/१९

**राजपत्रमा प्रकाशित मिति २०७९।०८।१९**

# फोहोर मैला व्वस्थापन कार्यविधि २०७९

## भाग २ खण्ड ६ संख्या ८

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति:- | २०७९/०८/१९ |

**अपिहिमाल गाउपालिका**

**दार्चुला जिल्ला**

सुदुरपश्चिम प्रदेश

अपिहिमाल गाँउपालिकाले बनाएको तलउल्लेख बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# फोहोर मैला व्वस्थापन कार्यविधि २०७९

सामुहिक प्रयासमा सरसफाइ केन्द्रको संस्थागत विकास गरी गाउँपालिकामा फोहोर मैला व्यवस्थापन सम्बन्धि व्यवस्था गरी फोहोर मैलाको न्युनीकरण, पुनः प्रयोग तथा पुनः चक्रिय प्रयोग एवं उपयोग गरी वातावरण प्रदुषण न्यूनीकरणमा टेवा पुर्याउन वान्छनीय भएकोले नेपालको संविधानको अनुसुची ८ तथा स्थानीय सरकार संचालनऐन, २०७४ को दफा ११ झ (६ र ७) ले दिएको अधिकार प्रयोग गरी अपिहिमाल गाउँपालिकाले यो फोहोर मैला व्यवस्थापन कार्यविधि बनाएको छ।

**परिच्छेदः १**

**परिभाषा र व्याख्या**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि अपिहिमाल गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. परिभाषाः (१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ।

(ख) "स्थानीय तह " भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाइ सम्झनु पर्छ।

(ङ) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्ने गरी खटाएको अधिकृत सम्झनु पर्छ।

(ज) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिकालाइ सम्झनु पर्छ।

(झ) "कार्यविधि" भन्नाले फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७९ लाइ सम्झनु पर्दछ।

(ञ) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने फालिएका, सडेःगलेका वा वातावरण प्रदुषण गराउने खालका वस्तु समेतलाइ जनाउँदछ।

(ट) "संकलन" भन्नाले घर घरबाट निस्कने फोहोरलाई सरसफाई केन्द्रमा लैजानका लागि जम्मा गरिने कार्यलाई सम्झनु पर्दछ।

(ठ) "निस्कासन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट फोहोर व्यवस्थापन लागि तोकको स्थानमा लैजाने कार्यलाई सम्झनु पर्दछ।

(ड) "वडा समिति" भन्नाले अपिहिमाल गाउँपालिकाका सबै वडा समितिलाई सम्झनु पर्दछ।

(ढ) "समिति" भन्नाले वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ण) "सामुदायिक संस्था" भन्नाले नाफाको भावना नराखी समुदायको हितका लागि कार्य गर्नका लागि प्रचलित कानुन बमोजिम दर्ता भएका टोल विकास संस्था, उपभोक्ता समिति र अन्य गैर सरकारी संस्थालाई सम्झनु पर्दछ।

(त) "सरसफाई केन्द्र" भन्नाले गाउँ सभा वा गाउँकार्यपालिकाबाट छनोट गरिएको तथा तोकिदिएको फोहोर संकलन, प्रशोधन, विक्री एवं उत्सर्जन तथा विसर्जन गर्ने उपयुक्त स्थल भन्ने सम्झनु पर्दछ।

(थ) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरित गृहग्याँस वा अन्य कुनै ग्याँस वा धुँवा निस्काशन गर्ने कार्य सम्झनु पर्छ  साथै फोहोरमैला व्यवस्थापनका सम्बन्धमा निस्कको फोहोरको डंगुर निकास गर्ने वा तह लगाउँने कार्य समेतलाई उत्सर्जन मानिने छ।

(द) "जोखिम पुर्ण फोहोर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानवमा या अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्शानी पुर्याउने विभिन्न रुपमा विकसित वस्तु पदार्थ तथा विकिरण समेतलाई सम्झनु पर्दछ।

(ध) "प्रदुषण" भन्नाले फोहोरैला, रासायन ध्वनी वा विद्युतीय चुम्बकीय तरङगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन नगरी वातावरणमा लाभदायिक उपयोग प्रयोजनमा हानी नोक्शानी पुर्याउने क्रयाकलापलाई सम्झनु पर्छ।

(न) "प्रस्तावना" भन्नाले फोहोरमैला व्यवस्थापनका सम्बन्धमा तयार पारिएको योजना, आयोजना वा कार्यक्रम सहितको लिखित दस्तावेजलाई सम्झनु पर्छ।

(प) "शाखा" भन्नाले गाउँपालिकाको वातावरण तथा सरसफाई र विपद् व्यवस्थापन शाखा वा उपशाखा वा फाँटलाई सम्झनु पर्छ।

(फ) "सरोकारवाला" भन्नाले फोहोर उत्पादन देखि संकलन, प्रशोधन र विसर्जन गर्ने मध्ये सबै वा कुनै कार्यमा संलग्न व्यक्ति, संस्था वा निकाय भन्ने सम्झनु पर्छ।

(ब) "तोकिए बमोजिम" भन्नाले गाउँपालिकाबाट निर्णय भई तोके बमोजिमका कार्य सम्झनु पर्छ।

परिच्छेदः २

३. सरसफाई केन्द्र संचालनको रणनीतिक कार्यहरु, फोहोरको बर्गीकरण व्यवस्थापनका सम्बन्धमाः

रणनीतिक कार्यहरुः

(क) फोहोरमैलाको प्रशोधन र विसर्जनः

कुनै पनि वस्तुलाई कच्चा पदार्थ मानेर त्यसलाई तत्काल उपयोग गर्न

आज्ञाले

लक्ष्मण सिंह धामी

प्रमुख प्रशासकीय अधिकृत